भगवानद्वारा तत्कालीन शुद्र जातिहरुका लागि उत्थानको महन् अवसर प्रदान गरियो । उनीले सर्वत्र एकमात्र संदेश लिएर गए । मनुष्य जाति एक हो । (एगा मनुषा जाई) उँच नीचको, छुवाछुतको सम्बनधमा उनका विचार कार्यमूलक थिए । जाति मूलक थिएन । उनको उपदेश थियो कि मानिस जातिले होइन कर्मले महान् हुन्छ ।

उनको जीवन एकमुखी नभएर सर्वतोमुखी थियो । हामी उहाँलाई कुनै एक दिशामा बढ्दैगरेको हैन सबै क्षेत्रमा पनि देख्छौं तर त्यही सबभन्दा अगाडि देख्छौं ।

महावीरले अहिंसा तथा अनेकान्तको उपदेशमा समाजलाई एउटा नयाँ दिशा एवं दृष्टि दिनुभयो । अनेकान्त के मा छ ? वस्तुत : विचारात्मक तत्व यति व्यापक छ कि विश्वका समग्र दर्शनहरु यसमा समावेश हुन सक्छन्, अनेकान्तको अर्थ जसमा कुनै एउटा अन्तका धर्म विशेष अथवा एक पक्ष विशेषको आग्रह न होस् सामान्य भाषामा विचारहरुको अनाग्रह वास्तवमा अनेकान्त हो, अनेकान्तको बिना जीवन जगतको व्यवहार पनि चल्न सक्दैन जीवनको प्रत्येक पलहरुलाई सम्झाउनको लागि अनेकान्त आवश्यक हुन्छ ।

अर्को दिन अर्थात् १६ अप्रिल भगवान महावीरको २५९९ औं जन्मजयन्तीको समारोह आयोजना गरिएको थियो । टेलिभिजन रेडियोबाट हाम्रो प्रवचन प्रसारणले नेपाली जनता हामीसँग परिचित भैरहेका थिए अर्को दिन ठूलो संख्यामा मानिसहरु हामीलाई भेट्न आए । जहाँ एक जना अमेरिकी नागरिक पनि हुनुहुन्थ्यो । भारतका एक ठूला उद्योगपति जैन अमर होजरी (लुधियाना) हामीसँग वार्ता हुन आउनुभयो । उनी बाहेक कैयौ गन्यमान्यव्यक्तिहरु पनि आउनु भयो र भोलि पल्ट हुने महावीर जयन्तीको तयारीका लागि अन्तिम रुप दिनुभयो ।

१६ अप्रिल आइतबार बिहानीमा जैन धर्मका २४ औं तीर्थंकर श्रमण भगवान् महावीर स्वामीको २५९९ औं जन्मजयन्ती समारोहको तयारी पूरा भै

सकेको थियो । विशेष रुपमा उल्लेखनीय कुरा यो थियो कि वैदिक, बौद्ध जैन, शिखका प्रतिनिधित्व भएको राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका ३१ धार्मिक संघ संस्थाहरु यस समारोहलाई सहयोग गरिरहेका थिए । काठमाडौंको इतिहासमा यस्तो आयोजना पहिलो पटक भैरहेको थियो । विहान देखि नै मानिसहरुमा उत्सुकताका झलकहरु देखिन्थे । बिहान ८ बजे जैन भवनबाट प्रभातफेरीको सुन्दर जुलुस शुभारम्भ भयो । यसमा भाग लिनको लागि जैनहरु र जैनेतर गन्यमान्य महानुभावहरुको उपस्थिति थियो । प्रजापिता ब्रह्माकुमारीका सदस्यहरुको सहभागिता विशेष रुपमा उल्लेखनीय थियो । जुलुसको शुरुमा नेपालका सञ्चारमन्त्री जयप्रकाश प्रसाद गुप्ता सामेल हुनुहुन्थ्यो । काठमाडौं लम्बा चौडा सडकहरुका जुलुस एक मनोहर दृश्यको रुपमा देखिन्थ्यो । यति ठूलो शोभा यात्रा महावीर जयन्तीको अवसरमा भैरहेको स्थानीय व्यक्तिहरुको भनाई थियो । राजदरबारको मुख्य द्वार हुँदै जुलुस पुन: जैन भवनमा फर्कियो ।

भगवान् महावीरको जन्मजयन्तीको उपलक्ष्यमा विशिष्ठ व्यक्तिको उपस्थितिमा दिउँसो ३:०० बजे अर्चना सभाको आयोजना गरियो । उसमा नेपालका भूतपूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई, राष्ट्रिय सभाका पूर्व अध्यक्ष बेनीबहादुर कार्की जो यस महावीर जयन्तीका संयोजक पनि हुनुहुन्थ्यो । त्यसैगरी स्वास्थ्य राज्यमन्त्री गोपाल राई र सबै धार्मिक संस्थाका अध्यक्षहरु उपस्थित हुनुहुन्थ्यो । अर्चना सभा तीन भाषा नेपाली हिन्दी र मारवाडीमा सम्पन्न भयो । कृष्णप्रसाद भट्टराई केही दिन पहिला प्रधानमन्त्री पदबाट अपदस्थ हुनुभएको थियो । अपदस्थ भएपछि उहाँको प्रथम सभा थियो, उहाँको भाषण छोटो तर विनोदपूर्ण थियो । उहाँले मानिसहरुलाई खुबै मनोरञ्जन गराउनुभयो । उहाँले भन्नुभयो दु:खीव्यक्ति आध्यात्मक तर्फ आकर्षित हुन्छ । उहाँपनि एक दु:खी व्यक्ति भएका कारण आध्यात्म तर्फ हिंडिराख्नुभएको छ । उहाँको यो कथनले यो संकेत गर्दथ्यो उहाँको वर्तमान राजनीतिक अवस्थालाई दृष्टिगत गर्दथ्यो । उहाँले भन्नुभयो अहंकारले मानिसलाई पतन तर्फ लैजान्छ ।

समस्त जीव जगतमा उनीहरुभन्दा अर्को ठूलो कुनै प्राणी छैन अतः उसको जीवनको परम गति यसैमा छ कि, अरुको लागि फक्रियोस् फुलोस् । समस्त मानव जातिको लागि अगाध प्रेम श्रद्धा र करुणाको सुगन्ध समेटेर आफ्नो अस्तित्व मेटाओस् त्यो आफैमा एक बिराट शक्तिपुञ्ज हो । जसको प्रष्फुटन तब हुन्छ जब ऊ राग, द्वेष, माया, मोहबाट विल्कुल मुक्त भएर सम्पूर्ण मानवताको सेवामा आफूलाई मेटाउने तर्फ अविचल भावले अघि बढोस् । फर्किने क्रममा काफलको वृक्ष देख्यौं । यो काफलको फल अमिलो हुँदो रहेछ तर अत्यन्त उपयोगी यो मौसममा यो धेरै ठाउँमा भेटिदो रहेछ । यसलाई रोक्नु पर्ने आवश्यकता पनि हुँदो रहेनछ । यो प्रकृतिको मानव जातिको लागि स्वतस्फूर्त रुपमा दिइएको वरदान रहेछ यस्तै ऐसेलु पनि । यो सानो सानो रुखमा फल्दो रहेछ खाँदा मिठो र स्वादिष्ट हुँदो रहेछ, यसको अत्याधिक सेवनबाट व्यक्ति गहिरो निद्रामा जान सक्दो रहेछ । यी फलहरुले भरिएको जंगलको बाटो हुँदै हामी अघि बढ्यौं । यी फलहरुलाई हामीले आँखाले देख्यौं । उसको रसस्वादन गरें किनभने बाल्यकालमा हामीले निकै खाएका थियौं । यही बातावरणमा हामीले पहाडको यात्रा पुरा गऱ्यौं । पहाडको यात्रा गर्दा हामीलाई कुनै असुविधा भएन किनकि त्यसदिन हामी भोकै यात्राका लागि निस्किएका थियौं । यो अप्ठ्यारो अवश्य भयो । हाम्रो शरीरबाट अत्याधिक मात्रामा पसिना निस्क्यो र प्यासले खुबै सतायो ।

जब हामी पहाडको उचाईमा पुग्यौ त्यहाबाट टाढा टाढा सम्म पहाडहरु देखिन्थे । भीमफेदी गाउँ हामीले देख्यौं । पहाडबाट तल झर्ने समयमा यस्तो लाग्यो । मानौ भिमफेदी गाउँ हाम्रो फिर्ती यात्राको खुशीयालीको प्रतीक्षामा छ । नदीको किनारमा अवस्थित त्यो गाउँको जुन विद्यालयमा हामी काठमाडौं जाँदा बसेका थियौं त्यही एक दिनको प्रवास भयो । यस पटक त्यहाँ शिक्षकहरुको साथ सत्संगको अवसर मिल्यो । अधिकांश शिक्षकहरु हिन्दी भाषी थिए । रातको समयमा हिन्दी भजन र सत्संगको कार्यक्रम राखियो । रात्री विश्राम

सिद्धान्त र सद्वचनहरुले आफ्नो जीवनलाई प्रकाशित गरौं । विश्वको एक मात्र हिन्दु राष्ट्र नेपालमा भगवान बुद्धले जन्म लिनुभयो जुन भगवान महावीरको कर्मभूमि रहयो र जसजसले मानिस मानिस सम्म अहिंसाको सन्देश पुऱ्यायो आज त्यसै भूमिमा खुलेआम रुपमा मासु र रक्सी बिक्री भैरहेको छ । विश्वका अनेकौ देशमा उहाँको सिद्धान्तहरुलाई अपनाइरहेको छ तर हामी यो मामिलामा पछाडि परिरहेका छौ । यो अत्यन्त सोचनीय विषय हो । अतः यहाँ उपस्थित सत्ताधारीहरु, उद्योगपति, गन्यमान्य नागरिकहरुसँग हाम्रो अनुरोध छ । कुनै महापुरुषको जन्मस्थानका बारेमा प्रस्तुततीकरण गर्न भन्दा उहाँको सिद्धान्तलाई जीवनमा अपनाउन जोड दिनुपर्छ । यो नै उहाँप्रति साँचो श्रद्धाञ्जली हो । यही उनको जयन्ती मनाउनुको सार्थकता पनि । जुन रुपमा भगवान महावीरको जयन्ती मनाइरहेका छौं, त्यसलाई भविष्यमा अटुट परम्परा बनाउनको लागि सबै सँग निवेदन छ र समारोहका आयोजक एवं उपस्थित जनसमूहलाई धन्यवाद र शुभाशिष दिएर प्रवचन समाप्त पारियो ।

भगवान् महावीर जयन्ती समारोहमा जुन ३१ धार्मिक संस्थाहरुले खुलेर सहयोग गरे उहाँहरु हुनुहुन्छ : नेपाल जैन परिषद्, नेपाली धर्म संसद, विश्व हिन्दु महासंघ, सनातन धर्म सेवा समिति, विश्व बौद्ध महासंघ, गुरु नानक सत्संग समिति, नेपाल आर्य समाज, भगवान महावीर अहिंसा समाज, ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, नेपाल अणुव्रत समिति, भगवान महावीर जैन निकेतन, मानव मिलन, श्री जैन श्वेताम्बर तेरापन्थी सभा, मानव धर्म सेवा समिति, जैन महिला मण्डल, विश्व हिन्दु खालसा त्रिशताब्दी समिति, श्री तेरापन्थ महिला मण्डल, अग्रवाल सेवा केन्द्र, नेपाल मारवाडी परिषद्, मारवाडी सेवा समिति, श्री कृष्णप्रणामी सेवा समिति, श्री तेरापन्थ युवक परिषद्, बजरङ्ग सत्संग मण्डल, रामहनुमान सेवा मण्डल, श्यामसत्संग मण्डल, बालाजी परोपकार समिति, नेपाल अणुव्रत शिक्षक संसद, राष्ट्रिय ज्योतिष विज्ञान सेवा समिति, राणीसती सेवा संघ, नेपाल बौद्ध समाज, श्रीनगी मल्ल जबरा, त्रिभुवन तीर्थ न्यास ।

## जन्मभूमिबाट बिदाई

काठमाडौंको यात्रा टुंङ्गयाउनको लागि २ दिनको समय लगायौं । आगमन र प्रत्यागमन मनुष्य जीवनको एउटा अटुट क्रम हो । आफ्नो लक्ष्य सम्म पुग्न पुनः वापसी अनिवार्य हुन्छ । काठमाडौं प्रवासको कालमा हामीले धेरै कुरा देख्यौं सम्झयौं । विचारहरुको सार्थक आदान प्रदान गऱ्यौं । मनमस्तिष्कमा सन्तुष्टि महसुस यो भयो कि हामीले धेरै मानिसहरुलाई जैन मतका बारेमा प्रकाश पाऱ्यौं, उहाँहरुको भ्रम निवारण गऱ्यौं । नयाँ यात्रामा अग्रसर हुनका लागि यो आवश्यक हुन्छ नवीनताका साथ साक्षात्कार गर्ने र त्यस क्रममा जो सत्य हुंन्छ सुन्दर हुन्छ र ग्राह्य हुन्छ त्यसलाई आत्मसात गर्ने । हामीलाई लाग्यो आफ्नो जन्मभूमिका मानिसहरुका साथमा कर्तव्य अकर्तव्य धर्म अधर्म नीति अनीति र सत्य असत्यको मिमांसा गर्नका लागि जुन सुन्दर अवसर मिल्यो त्यसले हाम्रो यात्रा सफल पाऱ्यो उहाँहरुले हामी प्रति जुन श्रद्धा भक्ति देखाउनुभयो हाम्रो कार्यक्रममा जुन उत्साहका साथ भाग लिनुभयो । हाम्रो बचनलाई जसरी गम्भीरताका साथ ग्रहण गर्नुभयो, त्यसले हामी भित्र विश्वास जाग्यो । उहाँहरुले हाम्रो यात्राको उद्देश्य सही तरिकाबाट सम्झनु भयो र हामीले पनि एउटा कल्याणकारी सन्देश छोडेर आफ्नो कर्मभूमि भारततर्फ फर्कनका लागि तयारीमा जुट्यौं ।

## फिर्ती यात्रा

आखिर १८ अप्रिल २००० का दिन जैन संघ काठमाडौंद्वारा हामीलाई बिदाई कार्यक्रमको आयोजना गरियो । त्यस दिन तेरापन्थका तृतीय आचार्य ऋषी राय जी महाराज साहबको दिक्षा जयन्तीको कार्यक्रम पनि राखिएको थियो । कार्यक्रममा मानिसहरुठूलो संख्यामा उपस्थित थिए भने कार्यक्रम पनि लामै समयसम्म चलेको थियो ।

उक्त बिदाई समारोहमा अनेकौं गन्यमान्य मानिसहरु पनि सहभागी थिए । उहाँहरुले आआफ्ना विचारहरु प्रस्तुत गर्नुभयो । काठमाडौंको महिला